अनुसूची(२)

(दफा ४ तथा अनुसूची-१ को भाग- १ संग सम्बन्धित)


# भीरकोट राजपत्र

## भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९ संख्या २ मितिः २०८३/०३/३०


## भाग-१

## भीरकोट नगरपालिका

### भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०८३

भीरकोट नगरपालिका, स्याङ्जा को आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८३/०३/२६

**प्रस्तावना :**

भीरकोट नगरपालिका, स्याङ्जा २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भीरकोट नगरपालिका, स्यांजाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "भीरकोट नगरपालिका, स्याङ्जाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८३/८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६०,००,१६,९२६.०० (अक्षेरुपी रुपैयाँ साठी करोड सोह्र हजार नौ सय छब्बिस मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४को निमित्त भीरकोट नगरपालिका, स्याङ्जाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची-१**

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संचित कोषबाट विनियोजन हुने रकम**

| सि.नं. | अनुदान प्रकार | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | १७,६७,१८,५४६ | ८,०६,२९,३९० | - | २५,७३,४७,९३६ |
| २ | | नगरपालिका संघ/प्रदेश समपुरक विशेष | ४०,००,००० | २,३४,६९,००० | | २,७४,६९,००० |
| ३ | | वडा समिति | ४१,००,७०,००० | ३,०७,३०,००० | - | ३,४९,००,००० |
| ४ | शर्सत | विषयगत शाखा | २७,७३,००,००० | ३०,००,००० | - | २८,०३,००,००० |
| ५ | | ऋणको साँबा, ब्याज भुक्तानी | - | - | - | - |
| ६ | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| ८ | | अन्य | - | - | | - |
| | **कुल जम्मा** | | ४६,२१,८८,५४६ | १३७८२८३९० | - | ६०,००,१६,९३६ |

आज्ञाले,

लक्ष्मण लम्साल

प्रमुख प्रशासकीय अधिकृत